# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।०९।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

काठमाडौं जिल्ला खेलकुद विकास समिति सानोगौचरण, काठमाडौंका सहायक द्वितीय तिलक प्रसाद घिमिरेले क्लवको प्रमाणपत्र नविकरण गर्नको लागि सेवाग्राहीसँग अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निज तिलक प्रसाद घिमिरेलाई रू. १५,०००/-(पन्ध्र हजार) अतिरिक्त रकम लिएको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा काठमाडौं जिल्ला खेलकुद विकास समिति, सानोगौचरण, काठमाडौंका सहायक द्वितीय (करार सेवा) पदमा कार्यरत तिलक प्रसाद घिमिरेले सेवाग्राहीको क्लब दर्ता प्रमाणपत्र नविकरण गरिदिएवापत रु. १५,०००।— घुस/रिसवत माग गरी लिएको तथ्य पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर देखिंदा निज तिलक प्रसाद घिमिरेलाई बिगो रु. १५,०००।— (पन्ध्र हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी